## सम्पादकीय

'विकासको निम्ति शिक्षा' यस संस्थाबाट प्रकाशन हुने विज्ञसमीक्षित (Peer Reviewed) नियमित वार्षिक जर्नल हो। २०३३ सालबाट प्रकाशन प्रारम्भ भएको यो जर्नलको २९ औँ अङ्क प्रकाशन हुँदै छ। प्रारम्भमा छापा प्रति मात्र प्रकाशन हुने यो जर्नल हाल विद्युतीय (Nepjol) र छापा दुवै माध्यमबाट प्रकाशन भइरहेको छ। यस जर्नलमा शिक्षाक्षेत्रमा भएगरेका अनुसन्धान तथा अध्ययनबाट प्राप्त ज्ञान तथा सूचनाहरूका आधारमा तयार पारिएका लेखहरू प्रकाशन गरिन्छ। यस जर्नलमा समाविष्ट लेखका माध्यमबाट शैक्षणिक, प्राज्ञिक तथा अनुसन्धानका क्षेत्रमा क्रियाशील व्यक्तिहरूले लाभ लिनुहुने छ भन्ने अपेक्षा गरिएको छ। जर्नलमा समावेश गरिएका लेखले शिक्षण सिकाइ प्रक्रिया तथा अनुसन्धान कार्यमा सहयोग पुग्ने देखिन्छ। यी लेखले समाजका विविध क्षेत्रमा रहेका वास्तविकतासँग शैक्षणिक सन्दर्भको सामीप्य सिर्जना गरी सिकाइको क्षितिजलाई फराकिलो पार्ने छन्। साथै शैक्षिक समाज तथा ज्ञानका क्षेत्रमा तथ्यपरक सूचना सञ्चार गरी अनुसन्धानात्मक चेतको प्रवर्धनसमेत गर्ने छन्। यस जर्नलका माध्यमबाट शिक्षक, शिक्षार्थी, अनुसन्धाता तथा जिज्ञासु पाठक लाभान्वित हुने अपेक्षा गर्न सकिन्छ। त्यति मात्र होइन कि प्रकाशित लेखका माध्यमबाट शैक्षिक क्षेत्रमा नीति निर्माण गर्न, सिकाइसँग सम्बद्ध समस्या समाधान गर्न तथा कार्यक्रमको समुचित कार्यान्वयन गर्नसमेत सहयोग प्राप्त हुने छ।

यस अङ्कमा जम्मा १३ ओटा लेख समावेश गरिएका छन्। तीमध्ये केही समालोचनात्मक छन् भने केही शैक्षणिक सन्दर्भसँग सम्बद्ध छन् त कुनै पाठ्यक्रममा केन्द्रित छन्। यसका साथै भाषाविज्ञान र सिकाइ अनुभवसँग सम्बद्ध लेखका कारण जर्नल विषयगत विविधताले परिपुष्ट बनेको छ। शीर्षकको वर्णानुक्रमका आधारमा लेखलाई क्रमबद्ध राखिएको छ। जर्नलमा पहिलो लेख 'आशमाया उपन्यासमा सबाल्टर्न चेतना र प्रतरोधी स्वर' शीर्षकको छ। यस लेखमा आशमाया उपन्यासमा सीमान्तकृत वर्ग विरोधी विचारका विरुद्ध उठान गरिएको प्रतिरोध चेतनाको विश्लेषण गरिएको छ। त्यस्तै दोस्रो लेख 'एक्काइसौँ शताब्दी सिप संयोजनका दृष्टिले कक्षा १-३ को नेपाली भाषा पाठ्यक्रम' शीर्षकमा व्यवहार कुशल सिपहरूका आधारमा नेपाली भाषापाठ्यक्रममा समाविष्ट सक्षमता तथा सिकाइ उपलब्धिको विश्लेषण गरिएको छ। जर्नलमा रहेको तेस्रो लेखको शीर्षक 'ग्रामीण विद्यालयमा पूर्वीय अभ्यासको शैक्षिक प्रभाव' रहेको छ। यस लेखमा ध्यान, नैतिक शिक्षा तथा गुरुशिष्य परम्परामा आधारित शिक्षण अभ्यासले सिकाइ प्रक्रियामा पारेको प्रभावको अध्ययन गरिएको छ। 'झापामा नेत्र पर्यटन र शिक्षा: सम्भावना र चुनौती' शीर्षका लेखिएको चौथो लेखले स्वास्थ्य उपचारसँगै पर्यटनका सम्भावनालाई उजागर गरेको छ। पाँचौँ लेख 'धुलिखेल जान्नौ ? कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दुगत पद्धति र यसको शैक्षणिक महत्त्व' शीर्षकमा तयार पारिएको छ। उक्त लेखमा प्रथम पुरुषीय पात्रको केन्द्रीयतामा कथाका समाख्याता, कथानक, पात्र, सारवस्तु जस्ता पक्षहरूको विधान गर्ने पद्धतिको अनुसरणमा निर्मित प्रस्तुत कथा लघु, सुगठित, दुःखान्तक र प्रभावान्वितिपूर्ण बनेको एवम् यस्तो आन्तरिक केन्द्रीय दृष्टिविन्दुगत पद्धतिको प्रयोग विशिष्ट सिर्जनात्मक सामर्थ्य भएको जनाइएको छ। जर्नलको छैटौँ लेखमा विद्यार्थी प्रवासनसँग शिक्षण सिकाइको सन्दर्भलाई विश्लेषण गरिएको छ। 'नेपालमा विद्यार्थी प्रवासन, उच्च शिक्षाको संरचनागत सङ्कट र शिक्षणविधिको रूपान्तरण' शीर्षकमा रहेको यस लेखले नेपालमा पछिल्लो समय तीव्र रूपमा बढिरहेको विद्यार्थी प्रवासनको

समसामयिक प्रवृत्ति, यसका अन्तर्निहित कारकहरू र राष्ट्रिय अर्थतन्त्र, जनसाङ्ख्यिक संरचना र यसले शैक्षिक प्रणालीमा पारेको बहुआयामिक प्रभावको विश्लेषण गरेको छ ।

जर्नलको सातौँ लेख 'नेपाली भाषा कक्षाका मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता' शीर्षकमा रहेको छ । यस लेखमा नेपाली भाषाकक्षाका मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता खोजी गर्दै मौखिक सङ्कथन उपयोगमा विद्यार्थीहरूलाई कमै प्रेरित गरिएको, कक्षामा शिक्षक बढी सक्रिय भइराखेको, उचित वातावरण व्यवस्थापनमा कमी रहेको, सहकार्यकलापहरूको आयोजना नगरिएको, विद्यार्थीको अभ्यासमा कमी रहेकाले विद्यार्थीको भाषिक अभिव्यक्तिको आधारभूत बोलाइ सिप विकासमा आघात परेको जनाइएको छ। 'नेपाली मातृभाषी मगर विद्यार्थीको पुर्ख्यौली भाषा सिकाइ' शीर्षकमा रहेको आठौँ लेखमा नेपाली भाषा पहिलो भाषाका रूपमा प्रयोग गरिए पनि मगर भाषाको अध्ययन रुचिपूर्ण भएको तथा विद्यार्थीको दोस्रो भाषा सिकाइमा पहिलो भाषाका शाब्दिक ज्ञान र धारणाले सहयोग गरेको देखाइएको छ। मगर भाषाको संरक्षण र संवर्धनका लागि यसको पठनपाठन अनिवार्य सुझावसमेत पेस गरिएको छ। 'नेपाली शिक्षाका विद्यार्थीको प्राज्ञिक लेखन अभ्यासको स्थिति' शीर्षकमा तयार पारिएको नवौँ लेखले अधिकांश विद्यार्थी शोधप्रस्ताव लेखनमा बढी अभ्यस्त रहको र गोष्ठीपत्र तथा अन्य लेखन अभ्यासमा अपेक्षाकृत न्यून संलग्नता रहेको निष्कर्ष दिएको छ। उक्त लेखले नेपाली शिक्षाका विद्यार्थीमा प्राज्ञिक लेखनको अभ्यास सुदृढ गर्नसंरचित अभ्यास, नमुना लेखन, कक्षाशिक्षण र सरोकारवालाको सहभागितामा आधारित मार्गनिर्देशनको आवश्यकतालाई औंल्याएको छ । दशौँ लेखमा 'नेपाली शिक्षकको पेसागत उन्नयनमा वैयक्तिक परिप्रेक्ष्य' शीर्षकमा विषयवस्तु प्रस्तुत गरिएको छ ।

नेपाली विषयका शिक्षकले पेसागत क्षमतामा नयाँपन ल्याउन प्रविधिको प्रयोग, तालिम र सहपाठी तथा विज्ञ विद्वानसँगको सहकार्यात्मक सिकाइ आवश्यक हुने निष्कर्ष उल्लेख गरिएको छ । पेसागत दक्षता, क्षमता, अनुभव, सहभागिता, सद्भाव, उन्नयन, वैयक्तिक भिन्नताले पेसामा प्रभाव पारेको समेत जनाइएको छ। एघारौँ लेख 'मेरो भाषा र बुझाइमा रूपान्तरण:मेरो अपरिपक्व चेतनाको अटोएथ्नोग्राफी' शीर्षकको छ। यो लेख नेपाली भाषा विषयसन्दर्भमा विधिशास्त्रीय दृष्टिले पनि नवीन प्रकृतिको छ। यसमा अभावमा आधारित दृष्टिकोणले विद्यार्थीहरूको क्षमता, सम्भावना र आत्मविश्वासलाई कमजोर बनाउँदै असमानता बढाइरहेको निचोड निकालिएको छ । विद्यालय शक्ति सम्बन्ध, प्रभुत्व र सामाजिक असमानताको पुनरुत्पादन गर्ने संरचनाका रूपमा रहेमा विद्यार्थीहरू तिरस्कार, बहिष्करण र उपेक्षाको सिकार भइरहेको उल्लेख गरिएको छ । तसर्थ शिक्षकहरूले सामाजिक, सांस्कृतिक र संरचनात्मक सन्दर्भसँग जोड्ने क्षमतामा आधारित, सशक्तीकरणमुखी र विद्यार्थी-केन्द्रित दृष्टिकोण अपनाउनुपर्ने सुझाव पेस गरिएको छ ।

जर्नलको बाह्रौँ लेख 'बसाइ उपन्यासमा प्रस्तुत दृश्यचित्र' शीर्षकमा तयार पारिएको छ। लेखमा ग्रामीण किसानको यथार्थगरिबी, असमान आर्थिक अवस्था र विस्थापनको पीडा प्रस्तुत गरिएको छ । जर्नलको अन्तिम वा तेह्रौँ लेखमा 'शिक्षण अभ्यासमा संलग्न छात्रशिक्षकको शैक्षिक सामग्री प्रयोग अवस्था' छात्रशिक्षकहरूले नेपाली भाषाशिक्षणका विभिन्न विधा, व्याकरण तथा अन्य पाठहरू शिक्षण गर्दा निर्माण

र उपयोग गर्ने शैक्षिक सामग्रीको अध्ययनमा केन्द्रित छ । अधिकांश छात्रशिक्षकहरूले चार्ट, चित्र, स्थानीय स्रोतमा आधारित सामग्रीप्रयोग गर्ने गरेको पाइए तापनि सामग्रीको योजनाबद्ध निर्माण, सन्दर्भअनुकूल छनोट र प्रभावकारी प्रयोगमा एकरूपता अभाव रहेको देखिएको छ । यसरी जर्नलमा जम्मा १३ ओटा लेख बहुविध क्षेत्रका रहेकाले यसको प्राज्ञिक एवम् शैक्षणिक उपायदेयता विस्तीर्ण रहेको सिद्ध हुन्छ ।

यस जर्नलमा आफ्ना महत्त्पूर्ण लेख उपलब्ध गराउनुहुने लेखकलाई विशेष धन्यवाद दिन्छु । यसका साथै लेखलाई परिमार्जित गर्ने सन्दर्भमा गहन अध्ययन गरी अत्यन्त मिहिनेतपूर्वक लेखको समीक्षा गरिदिनुहुने समीक्षकहरूप्रति विशेष आभार प्रकट गर्दछु । जर्नल प्रकाशनको सम्पूर्ण जिम्मेवारी लिनुहुने शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) कार्यकारी निर्देशकलगायत सेरिड परिवारप्रति कृतज्ञ छु । अन्त्यमा लेखमा समावेश भएका तथ्य एवम् सूचनाहरू लेखककै स्वामित्वमा रहेको समेत अनुरोध गरिन्छ ।

प्रधान सम्पादक
विकासका नीम्ति शिक्षा